प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/१३

(बेलुका ५:०० बजे)

### ❖ मुख्यमुख्य क्रियाकलापहरु

- आज काठमाडौँमा ४ (१ महिला र ३ पुरुष), भक्तपुरमा १ पुरुष, रसुवामा ९ (८ महिला र १ पुरुष), धादिङमा ३ पुरुष, चितवनमा २ पुरुष र मकवानपुरमा १ पुरुष गरी यस प्रदेशमा थप २० जनामा संक्रमण पुष्टि भएको छ भने सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र व्यवस्थापन कार्य (काठमाण्डौ र भक्तपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) द्रुत रुपमा भईरहेको छ । आज यस प्रदेश अन्तर्गतको रसुवा जिल्लामा पहिलो पटक एकै चोटी ९ जनामा संक्रमण देखिएपछी देशको सबै जिल्लामा नै संक्रमण फैलिएको अवस्था रहेको छ।

- मिति २०७७/३/१२ मा सिन्धुली अस्पतालको इमरजेन्सीमा महोत्तरी बाट आउनुभएको २१ बर्षिय महिला ज्वरो, स्वास प्रस्वासमा कठिनाई र झाडापखालाको लक्षण लिएर आउनुभएको र कोरोना संक्रमणको शंका गरी परिक्षणको लागी स्वाब संकलन गरी उहाँलाई आइसोलेशनमा राखेर उपचार गर्ने क्रममा स्वास्थ्य बिग्रदै गएपछी अथक प्रयासको बावजुद पनि असामायिक मृत्यु भएको थियो ।आज उहाँको पी. सी. आर परिक्षणको नतिजा नेगेटिभ आएको छ ।

### ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ३ प्रतिशत रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ, हाल यो तथ्यलाई सामान्यीकरण गर्न कठिन भएतापनि यसलाई प्रदेशले गम्भीरताको साथ नजिकबाट नियालिरहेको छ ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १२३०९ (१००%) | ३८७ (१००%) |
| निको भएको | २८३४ (२३ %) | १०८ (२७.९%)* |
| उपचाररत | ९४४७ (७६.७%) | २७४ (७०.८.%)* |
| मृत्यु भएको | २८ (०.३%) | ५ (१.३%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/१३

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण

हाल सम्म बागमती प्रदेशमा ११०९५ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २२११ जना बस्दै आउनुभएको र १११२ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२५८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २६६ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३२३५७ जनाको आर डी टी परिक्षण गरिएकोमा ७१७ जनाको पोजेटिभ आएको छ र १५७७५ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | 1363 | 176 | 27 | 256 | 16 | 10205 | 9905 | 300 | 4829 | 30 | (+23) |
| ललितपुर | 345 | 31 | 6 | 221 | 82 | 3887 | 3860 | 27 | 2081 | 6 | (+1) |
| भक्तपुर | 313 | 52 | 21 | 42 | 0 | 1980 | 1967 | 13 | 1583 | 7 | (+15) |
| रसुवा | 277 | 22 | 0 | 35 | 0 | 518 | 507 | 11 | 49 | 0 | (+9) |
| नुवाकोट | 1224 | 336 | 336 | 28 | 9 | 2644 | 2534 | 110 | 528 | 23 | |
| धादिङ | 958 | 152 | 125 | 100 | 79 | 2593 | 2465 | 128 | 1015 | 107 | (+10) |
| चितवन | 2465 | 623 | 0 | 302 | 28 | 1413 | 1398 | 15 | 2510 | 44 | (+16) |
| सिन्धुली | 429 | 111 | 91 | 32 | 1 | 1177 | 1144 | 33 | 542 | 7 | (+6) |
| मकवानपुर | 352 | 82 | 352 | 35 | 20 | 1783 | 1765 | 18 | 957 | 13 | (+5) |
| रामेछाप | 509 | 121 | 6 | 75 | 9 | 862 | 855 | 7 | 387 | 23 | (+3) |
| दोलखा | 1185 | 87 | 1 | 41 | 0 | 1563 | 1557 | 6 | 188 | 0 | (+2) |
| काभ्रे | 807 | 203 | 66 | 13 | 0 | 2394 | 2356 | 38 | 416 | 0 | (+6) |
| सिन्धुपाल्चोक | 868 | 215 | 81 | 78 | 22 | 1338 | 1327 | 11 | 690 | 25 | (+6) |
| जम्मा | **11095** | **2211** | **1112** | **1258** | **266** | **32357** | **31640** | **717** | **15775** | **285** | **(+102)** |

श्रोत ;सम्बन्धित् जिल्लाबाट दैनिक प्राप्त जानकारी अनुसार

+ सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार (MOHP)

कोरोना रोकथाम र नियन्त्रण गर्न क्वारेन्टाइन, आइसोलेशनबेड संख्या र गुणस्तर वृद्धि गर्न तथा अन्य व्यवस्थापनको लागी प्रदेश सरकार प्रतिबद्ध छ। यस विषम परिस्थितीमा संयमीत हुन र हात धुने, मास्कको प्रयोग, एक अर्कासंग दुरी कायम गर्ने जस्ता सावधानी अपनाउनुहुन आग्रह गर्दछौं।

❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर.  परीक्षणको विवरण

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्याः ६९५९

आज प्राप्त गरिएको स्वाबको संख्याः २८

आज गरिएको परिक्षण: २७८

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण गरिएको स्वाब गरी जम्मा २३ वटाको नतिजा पोजिटिभ आएको छ (हेटौडाको १ फलो-अप नमुना, कपिलवस्तुको २ र गुल्मीको २०) भने कुल २५५ वटाको नतिजा नेगेटिभ आएको छ ।

❖ महत्वपूर्ण अपडेट

यो रोग बिश्वब्यापी रुपमै नयाँ रोग हो। यसको रोकथाम र नियन्त्रणको लागी धेरै बैज्ञानिक र चिकित्सकहरु अध्ययन अनुसन्धान गरिरहेका छन्। ती खोजबाट नयां कुरा पत्ता लाग्ने बित्तिकै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई प्राप्त हुने बिज्ञहरुको संयन्त्र भएको हुँदा यस्तो केही पत्ता लागेमा मन्त्रालयले सुचना प्रकासित गर्नेछ। तर बिभिन्न ब्यक्ति र समुहको निहित स्वार्थका कारण बिभिन्न भ्रमहरु सिर्जना गर्ने गराउने र त्यसलाई फैलाउने क्रम यथावत छ। हालसालै जनसमुदायमा भाइरस रिमुभिङ कार्ड पत्ता लागेको र यसलाई घाँटीमा झुन्डाउदा कोभिड १९ नलाग्ने भन्ने भ्रम सिर्जना भएको कुरा प्रति सजक गराउन चाहान्छौं।यस किसिमको कुनै कार्ड पत्ता नलागेको र यस्तो बिधि र प्रक्रिया बिश्वभरनै सुरु नभएको ब्यहोरा अनुरोध गर्दछौं । यस्ता भ्रममा नलग्न हुन आव्हान गरिन्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७७/०३/०८ मा निजि प्रयोगशालालाई कोभिड-१९ को मोलिक्युलर PCR परिक्षण अनुमति दिने सम्बन्धि निर्देशिका २०७७ स्वीकृत गरेको छ । निर्देशिकामा रहेको व्यवस्था अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गत दर्ता भइ रास्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुले तोकेको मापदण्डहरु पुरा गरेको, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट संचालन पूर्व आशय प्राप्त कोभिड १९ को मोलिक्युलर PCR परिक्षण गर्न इच्छुक निजि प्रयोगशालाले सरकारी प्रयोगशालाबाट आएको नमुनालाई मात्र परिक्षण गर्न सक्नेछ । यस बापत नेपाल सरकारले प्रति नमुना अधिकतम रु. ५५००. अक्षरुपि पाँच हजार पाँच सय मात्र सम्बन्धित निजि

प्रयोगशालालाई सोधभर्ना गर्नेछ ।

(https://drive.google.com/file/d/19cz5jXvV_8lutCV3ktYEjEGtPl1FbpDK/view)

हाल गरिएको बन्दाबन्दीका कारण बजार,, पसल बन्द रहेको तथा आय आर्जनको स्रोतमा पनि असर परेका कारण विशेष गरि शिशु, बालबालिका, गर्भवती, तथा स्तनपान गराइरहेका महिलाहरु कुपोषणको बढि जोखिममा रहेका छन् । कुपोषणबाट महिला तथा बालबालिकालाई बचाउन उनिहरुको खानपान तथा हेरचाहमा विशेष ध्यान दिनु पर्दछ । कोरोना भाइरसको संक्रमणबाट सेवाग्राही र स्वास्थ्यकर्मी दुबैलाई बचाउदै पोषण पुनस्थापना गृहको सेवा सुचारु गर्न आवश्यक सावधानी र उपचार पद्धतिका बारेमा एकरुपता ल्याउन मार्ग दर्शन उपयोगी रहेको छ ।

निर्देशिका निम्न वेब पेज प्राप्त गर्न सकिने छ

:https://drive.google.com/file/d/1V5FRhbaTrcd1oE_Bf48FO7wIl8UHjqY5/view

## ❖ थप जानकारीको सम्बन्धमा

| | | |
|---|---|---|
| कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनका लागि निम्न उल्लेखित वेब पेज हेर्नको लागि हार्दिक अनुरोध छ। | → | http://mosd.p3.gov.np/<br>https://covid19.mohp.gov.np/<br>heoc.mohp.gov.np/<br>edcd.gov.np/ |

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई